जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९ स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३० अंक १७० २०७७ साल माघ २२ गते बिहीबार (4 Feb. 2021 Thursday) मूल्य रु. ५/-

Log on : rajbirajdainik.com.np

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- घर निर्माण गर्दा, भत्काउँदा वा मर्मत गर्दा लापरवाही गर्नेलाई एक वर्षसम्म कैद वा दश हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुने,
- निर्माणको काम गर्दा निर्धारित मापदण्ड वा गुणस्तरको माल प्रयोग नगरेमा वा मालको परिमाण घटीबढी पार्नेलाई दश वर्षसम्म कैद र एक लाख रुपैयाँसम्म जरिबाना हुने,
- आपूर्तिको काम गर्दा कमसल वा घटी परिमाणमा माल, वस्तु वा सेवा आपूर्ति गर्नेलाई पाँच वर्षसम्म कैद र पचास हजार रुपैयाँसम्म जरिबाना हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

*यस अंक भित्र :* २ पृष्ठमा : काम नलाग्ने भयो... ३ पृष्ठमा : निर्वाचनका लागि बजेटको... ३ पृष्ठमा : पाकिस्तानमा खोप अभियान शुरु,...

# डेढ वर्षअघि वेपत्ता भएकी महिलाको कंकाल फेला



नेट तस्विर

**दैनिक समाचारदाता**
**राजविराज, २१ माघ ।**

डेढ वर्षअघि हराएकी एक महिलाको बुधबार कंकाल फेला परेको छ । सप्तरीको राजगढ गाउँपालिका १ भुटकीकी ७५ वर्षिया राशोदेवी पण्डितको कंकाल फेला परेको हो ।

बुधबार दिउँसो १ बजेतिर पोखरी जिर्णोधार गर्ने क्रममा कंकाल फेला परेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ । वेपत्ता पण्डितको कंकाल भेटिएको खबर फैलिएपछि उक्त पोखरी किनारमा गाउँलेको भिड लागेको थियो ।

घरदेखी तीन सय मिटर टाढा रहेको सार्वजनिक ठाडी पोखरी जिर्णोद्वारमा खटिएका मजदुरहरुले उनको शव सडेगलेको अवस्थामा फेला पारेपछि प्रहरीलाई खबर गरेका थिए ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका डिएसपी भुवनेश्वर साहले कंकालमा भेटिएको लुगा र दातको आधारमा उनको आफन्तले सनाखत गरेपछि हराएकी महिला पण्डितको नै शव भएको पुष्टि भएको बताए ।

उनका पति धनई तथा छोरा बुहारीले सनाखत गरेपछि सदगतका लागि जिम्मा लगाई यसबारे आवश्यक अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ । प्रहरीका अनुसार मानसिक सन्तुलन गुमाएकी पण्डित २०७६ साल साउन ३० गते देखी नै वेपत्ता भएकी थिइन् ।

# आम हड्तालको पूर्व सन्ध्यामा मसाल जुलुस



तस्बिर : चन्दन यादव/राजविराज दैनिक

**दैनिक समाचारदाता**
**राजविराज, २१ माघ ।**

प्रधानमन्त्री केपी शर्मा ओलीले एकलौटी रूपमा संवैधानिक निकायमा नियुक्ति गरेको भन्दै नेकपा प्रचण्ड-नेपाल समूहले देशव्यापी आम हड्तालको घोषणा गरेको पूर्वसन्ध्यामा बुधबार साँझ राजविराजमा मसाल जुलस प्रदर्शन गरेको छ ।

राजविराजस्थित नेकपाको पार्टी कार्यालयबाट निस्केको मसाल जुलुस नगर परिक्रमा गरेको थियो । नेकपा प्रचण्ड-नेपाल

*बाँकी तीन पृष्ठमा*

# बाँसको झ्याङमा लुकाई राखेको अवस्थामा गाजा बरामद



**दैनिक समाचारदाता**
**राजविराज, २१ माघ ।**

बाँसको झ्याङमा लुकाई राखेको अवस्थामा सशस्त्र प्रहरीले बुधबार बिहान ८ बजेतिर प्रतिबन्धित लागुऔषध गाजा बरामद गरेको छ ।

सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका १

*बाँकी तीन पृष्ठमा*

## आवश्यकता । आवश्यकता ॥ आवश्यकता ॥।

माय जलपा बचत तथा ऋण सहकारी संस्था लि. लाई निम्न पदहरुमा अनुभवी इच्छुक व्यक्तिहरु चाहिएकोले समयमै सम्पर्क गर्नु होला ।

**पद : क्यासियर/संख्या : १ (एक) जना**
BBS वा Bachelor सो सरह पास गरि एक वर्ष सम्बन्धित विषयमा कार्य अनुभव भएको तथा PCS (Parbhu Co-operative Solution, Pamoris Software) तथा अन्य Software को जानकारी भएको र नेपाली, अंग्रेजी भाषामा टाइप गर्न सकिने ।

**पद : ऋण ओफिसियर/संख्या : १ (एक) जना**
BBS वा Bachelor सो सरह पास गरि एक वर्ष सम्बन्धित विषयमा कार्य अनुभव भएको तथा PCS (Parbhu Co-operative Solution, Pamoris Software) तथा अन्य Software को जानकारी भएको र नेपाली, अंग्रेजी भाषामा टाइप गर्न सकिने ।

**पद : बजार प्रतिनिधी/संख्या : ५ (पाँच) जना**
शैक्षिक योग्यता +2 पास गरेको वा सो सरह बजार प्रतिनिधिमा एक वर्षको अनुभव भएको र नेपाली, अंग्रेजी भाषामा टाइप गर्न सकिने ।
**मिति : २०७७/१०/१८ गते देखि २०७७/१०/२६ गते सम्म**
**लिखित परीक्षा मिति : २०७७/१०/२७**
**मौखिक परीक्षा मिति : २०७७/१०/२८**

सम्पर्क
**माय जलपा बचत तथा ऋण सहकारी संस्था लि.**
विष्णुपुर गा.पा. ६, रंजितपुर
कुनौली रोड, सशस्त्र क्याम्पको छेउमा
मोबाइल नं. ९८५२८३२०५९, ९८१६३४२१८८
फोन नं. ०३१-५२२२५९, www.myjalpacooperative.com.np



## सम्पादकीय

## वार्ता र सम्वादको माध्यमबाट समस्याको समाधान होस्

मुलुकमा राजनीतिक अस्थितरताका बीच राजनीतिक द्वन्द समेत सृजना भएको छ। नेकपाबीचको आन्तरिक कलहका कारण अहिले सो पार्टी दुई समूहमा विभाजित भएसँगै राजनीतिक द्वन्द चर्किंदै गएको छ। प्रधानमन्त्री केपी शर्मा ओलीले गत पुस ५ गते संसद विघटन गरेपछि अहिले प्रधानमन्त्री नेतृत्वको नेकपा समूह बाहेक सबै दल सो असंबैधानिक कदम बिरुद्ध आन्दोलनमा होमिएका छन्।

संसद विघटनसँगै नयाँ जनादेशका लागि भन्दै प्रधानमन्त्रीले आगामी बैशाख १७ र २८ गते दुई चरणमा निर्वाचनको मिति समेत तय गरिसकेको अवस्था रहेको छ। सो कदम बिरुद्ध सर्वोच्च अदालतमा परेको रिटको हालसम्म टुङ्गो लागेको छैन्। अहिले पनि उक्त विषयमा अदालतमा दिनहु बहस चलिरहेको अवस्था छ। यी समसामायिक राजनीतिकको निश्कर्षबारे जनता पनि पर्ख र हेरको अवस्थामा छन्। यसैबीच नेकपाको अर्को समूह प्रचण्ड नेपालले आन्दोलनकै क्रममा प्रधानमन्त्रीले विभिन्न सबैधानिक निकायमा नियुक्त गरेको विषयलाई लिएर आम हड्तालको घोषणा गरेसँगै मुलुकमा राजनीतिक द्वन्द झनै गहिरिएको छ।

मुलुकमा राजनीतिक स्थिरताका लागि सबै दल जिम्मेवार हुनुका साथै बन्द, हड्तालको बैकल्पिक बाटो रोज्नु पर्ने आवश्यकता रहेको छ। तसर्थ कुनै पनि समस्या समाधानको उत्तम विकल्प वार्ता र सम्वाद रहेकोले यसै बाटोलाई अपनाए मुलुकको हीत हुने कुरामा दुइमत नहोला।


पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।

**होमियोप्याथिक रिसर्च इन्स्टिच्युट**

डा. सुशील मोहन दास

(बी.एच.एम.एस)

सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

**डा. ललन प्रसाद रौनियार**

**Dr. Lalan Prasad Rauniyar**

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

**डा. दिनेश उप्रेती**

**Dr. Dinesh Upreti**

MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141

**कन्सलटेन्ट फिजिसियन**

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

**डा. पारसमणि शाह**

**Dr. Parasmani Shah**

MBBS (BPKIHS), MD (BPKIHS, Dharan)

NMC Reg. No. : 13297

**दुखाई विशेषज्ञ**

Anaesthesiology & Critical Care Medicine

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569


# काम नलाग्ने भयो रु २८ करोडको मल

वीरगञ्ज, २१ माघ (रासस)।

साल्टट्रेडिङ कर्पोरेशन लिमिटेडले तेस्रो मुलुकबाट आयात गरी नेपाल भित्र्याएको छ हजार ६०० मेट्रिक टन रासायनिक मलमध्ये रु २८ करोड मूल्य बराबरको छ हजार २५० मेट्रिक टन मल भिजेर काम नलाग्ने भएको छ। भदौ ६ गते वीरगञ्जको सिर्सियास्थित सुक्खा बन्दरगाह भन्सार कार्यालयमा आएको पाँच महिना भइसक्दा सबै मल पानीले भिजेर डल्ला परेकाले भन्सार जाँचपास हुनसकेको छैन। रु २८ करोड मूल्य बराबरको एक लाख २५ हजार बोरा रहेको उक्त मल काम नलाग्ने भएपछि यसको जिम्मेवारी कर्पोरेशनले लिन नसक्ने क्षेत्रीय प्रबन्धक अमोज लामिछानेले राससलाई बताउनुभयो।

कम्पनीले आयातकर्ता स्वीस सिङ्गापुरमार्फत उक्त मल मगाएको हो। सो मल सुक्खा बन्दरगाह भन्सार कार्यालयको 'यार्ड'मा यत्रतत्र छरिएको अवस्थामा छ। उक्त मलको आपूर्तिकर्ता स्वीस सिङ्गापुरमार्फत साल्टट्रेडिङ कर्पोरेशनले भारतको कोलकाता बन्दरगाहबाट रेलमार्ग भएर वीरगञ्जको सुक्खा बन्दरगाह यार्डमा ल्याएको हो तर उक्त मल भिजेको र डल्लो परेकाले भन्सार जाँचपास गर्न अयोग्य भएको भनेर जाँचपास हुनसकेको छैन।

सिङ्गापुर पानीजहाजमार्फत भारतको कोलकाता बन्दरगाहमा ल्याइपुऱ्याएको र त्यहाँ राखिएको अवस्था असार-साउनतिर बङ्गालको खाडीमा आएको आँधीका कारण मल भिजेको हुनसक्ने प्रमुख लामिछानेले राससलाई भन्नुभयो, "भिजेकै अवस्थामा रेलमार्गबाट वीरगञ्ज आएकाले सोको जिम्मा नेपाल सरकार र कर्पोरेशनले जिम्मेवारी लिदैन।"

भिजेको र डल्लो परेको सो मलको सम्पूर्ण जिम्मेवारी आयातकर्ता स्वीस सिङ्गापुरले लिनुपर्ने र उक्त मलको भुक्तानी भने सरकार तिर्न नसकिने बताइएको छ। भिजेर बिग्रिएको अवस्थामा सो मल आएकाले जाँचपास हुन नसकेको, भए पनि कुनै प्रायोजनका लागि प्रयोग योग्य भए मात्र जाँचपास गरिने सुक्खा बन्दरगाह कार्यालयका प्रमुख भन्सार अधिकृत लालबहादुर खत्रीले बताउनुभयो।

उक्त रासायनिक मल खुला आकाशमुनि रेल्वे लिक वरिपरि, गोदाम एवं यार्डमा जहीतहीँ छरिएको अवस्थामा रहेकाले यार्डभित्र अन्य सामान राख्न समस्या परेको बताइएको छ। ठूलो परिमाणमा रासायनिक मल भएकाले त्यसलाई नष्ट गर्न समस्या हुने, अयोग्य मालवस्तुको जाँचपास गर्न कानूनी प्रावधान नभएकाले त्यस्ता मललाई नष्ट गर्ने प्रक्रिया अघि बढाइएको सो कार्यालयले जनाएको छ।

नेपाल सरकारको प्रतिबोरा १३२ रुपैया २० पैसा अनुदान रकममा आयात भई नेपाल भित्रिएको सो मल भिजेर डल्ला परेकाले किसानसम्म पुग्न सकेन। डलरमा प्रतीतपत्र खोलेर तेस्रो मुलुकबाट मल ल्याइएकाले नेपाल राष्ट्र बैंकको नियमानुसार नेपालमा मालसामान आइपुगेको देखाउनुपर्ने कानूनी प्रावधान रहेकाले भिजेको मल भारतको कोलकाता बन्दरगाहबाटै नफर्काइ आयात गरिएको बताइएको छ।

# लक्ष्मी र श्री स्टिलले घटाए मूल्य

काठमाडौँ, २१ माघ (रासस)।

व्यवसायीले आफूखुशी बढाएको फलामे डण्डीको मूल्य घट्न थालेको छ। वाणिज्य, आपूर्ति तथा उपभोक्ता हित संरक्षण विभागको निर्देशनपछि दुई उद्योगले प्रतिकिलो रु चार/चार मूल्य घटाएका हुन्।

लक्ष्मी स्टिल र श्री स्टिलले साविकको खुद्रा मूल्यमा उक्त रकम घटाएर नयाँ मूल्य रु ७७ कायम गरेका छन्। यसअघि उक्त दुई उद्योगले रु ८१ (भ्याट बाहेक) लिँदै आएका थिए। फलामे डण्डीको मूल्य बढाएको भन्दै उपभोक्ताले गुनासो गरेपछि विभागले डण्डी व्यवसायीसँग प्रारम्भिक रूपमा छलफल गरेको थियो। उक्त छलफलपछि दुई उद्योगले मूल्य घटाएको जानकारी आएको विभागका प्रवक्ता शिवराज सेढाइँले जानकारी दिनुभयो।

"हामीसँग दुई उद्योगको मात्र मूल्य घटाएको जानकारी आएको छ, अन्य उद्योगली घटाउँछौँ भन्नुभएको छ तर घटायौँ भनेर नयाँ मूल्य आएको छैन", उहाँले भन्नुभयो। हाल बजारमा कम्पनी अनुसार फलामे डण्डीको बजार मूल्य फरक/फरक रहेको छ। कोरोना महामारीका कारण लामो समयसम्म बन्द भएको निर्माण कार्य शुरु हुनै लाग्दा व्यवसायीले आफूखुशी फलामे डण्डी र सिमेन्टको मूल्य बढाएको भन्दै विभागमा गुनासो आउने गरेको थियो।

विभागमा आएको गुनासोका आधारमा विभागले केही ठूला उद्योगमा अनुगनमसमेत गरेको थियो। अनुगमनका क्रममा व्यवसायीले अन्तर्राष्ट्रिय रूपमा नै निर्माण सामग्रीको मूल्य बढेको बताएका थिए। हाल अन्तर्राष्ट्रिय रूपमा नै बाहिरबाट मूल्य बढेर आउँदा बजारमा डण्डीको मूल्य बढेको तर केही दिनयता मूल्य केही घट्दा सामान्य घटाएको व्यवसायीले बताएका छन्।

पछिल्लो समय विभागले उपभोक्ताले मूल्य बढेको भन्दै धेरै गुनासो गरेका डण्डी, सिमेन्ट, खाने तेल तथा औषधिजन्य क्षेत्रमा अनुगमन गर्दै आएको छ। यसअघि विभागले खाने तेलको मूल्य बढाएको भन्दै बारामा सञ्चालित दुई उद्योगलाई कारवाही गरेको थियो।

बजार अनुगमका क्रममा उत्पादन लागतको अनुपातमा बढी मूल्य लिएको भेटिएपछि अन्नपूर्ण भेजिटेबल प्राली र महालक्ष्मी सोल्भेन्ट एण्ड रिफाइनरी प्रालिलाई उपभोक्ता संरक्षण ऐन, २०७५ अनुसार कारवाहीस्वरुप रु तीन/तीन लाख जरिवाना गरिएको थियो।


**हाम्रो जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोक्नकालागि अपनाउनु होसियारी**

- कोरोना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमबाट फैलिने संक्रमण हो।
- संक्रमित भएको ब्यक्तिले खोक्दा वा हाच्छु गर्दा निस्किने थुक, खकार रसिङ्गानबाट यो भाइरस एक ब्यक्तिबाट अर्को ब्यक्तिमा सर्न जान्छन्।

**यो रोगबाट जोगिन यस्तो गर्नुपर्छ**

- खोकी वा हाच्छु गर्दा मुख छोप्नुपर्छ। मुख छोपेको टिसूपेपरलाई फोहोर राख्ने भाडामा फाल्नुपर्छ।
- समय-समयमा साबुन पाइनले राम्रोसँग २० सेकेण्डसम्म मिचमिची हात धुनुपर्छ वा सेनिटाईजर हातमा लगाउनुपर्छ। कुनै ब्यक्तिसँग भेट्नुपरेमा हात मिलाउनु हुँदैन, बरू हात जोडेर नमस्कार गरौं।
- खोकी लागेको ब्यक्तिबाट दुरी बनाउनुपर्छ। यदी तपाईलाई खोकी लागेको छ भने तपाई आफु पनि अरू मान्छेबाट दुरी बनाएर बस्नुपर्छ।
- भिडभाडमा जानु हुँदैन र अरुलाई पनि भिडमाडमा जान नहुने भनि बुझाउनुस।
- आवश्यकता भएको ठाउँमा मास्कको उचित प्रयोग गर्नुहोस्।

**महत्वपूर्ण सवाल :**

- ज्वरो र खोकी लागेको र स्वाँस लिंदासमेत असहज महसुस भएमा चाँडै नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गर्नुपर्छ।
- कोरोना भाइरस रोगको बारेमा अरू जानकारी प्राप्त गर्न नि:शुल्क टेलिफोन नम्बर १११५ मा फोन गर्न सकिन्छ।
- कोरोना भाइरसबाट डराउनु हुँदैन, बरू सतर्कचाहिं हुनुपर्छ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# निर्वाचनका लागि बजेटको कुनै अभाव हुने छैन : अर्थमन्त्री पौडेल

काठमाडौँ, २१ माघ (रासस) ।

निर्वाचन आयोगले आगामी प्रतिनिधिसभा निर्वाचनका लागि आवश्यक आर्थिक व्यवस्थापनलगायत विषयमा अर्थमन्त्री विष्णुप्रसाद पौडेलसँग छलफल गरेको छ ।

सरकारले वैशाख १७ र २७ गते दुई चरणमा हुने गरी प्रतिनिधिसभा सदस्य निर्वाचनको मिति करिब डेढ महिनाअघि नै घोषणा गरिसकेको छ । सो अवसरमा अर्थमन्त्री पौडेलले निर्वाचनको माध्यमद्वारा लोकतन्त्रलाई संस्थागत एवं सुदृढीकरण गर्ने काम निर्वाचन आयोगको भएकाले आगामी प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि आयोगबाट भइरहेको तयारी सकारात्मक रहेको बताउनुभयो ।

उहाँले भन्नुभयो, “स्वच्छ, स्वतन्त्र, निष्पक्ष, विश्वसनीय एवं मितव्ययी निर्वाचनका लागि आवश्यक बजेट सरकारले उपलब्ध गराउने, बजेटको कुनै अभाव नहुने तथा सरकारको नीतिअनुसार वैदेशिक सहायताका सन्दर्भमा समेत अर्थ मन्त्रालयबाट पूर्ण सहयोग हुनेछ ।” साथै कोभिड-१९ को महामारीको समयमा निर्वाचन सञ्चालन तथा व्यवस्थापन गर्नुपरेकाले सबै प्रकारका खर्चमा मितव्ययिता, पारदर्शिता र जवाफदेहितामा समेत आयोगले ध्यान दिनुपर्ने सुझाव दिँदै उहाँले निर्वाचन व्यवस्थापनका सबै कार्य व्यवस्थित र योजनाबद्ध तुल्याउनुपर्नेमा जोड दिनुभयो ।

प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले आगामी निर्वाचनका लागि आयोगबाट भइरहेका व्यवस्थापकीय कार्यबारे जानकारी दिँदै निर्धारित मितिमा नै निर्वाचन सम्पन्न गर्न गराउन र खर्चमा मितव्ययी रहने प्रतिबद्ध जनाउनुभयो । उहाँले भन्नुभयो, “कोरोना भाइरस सङ्क्रमणलाई समेत मध्यनजर गरी सबै किसिमका निर्वाचनसम्बन्धी गतिविधि सञ्चालन गर्नुपर्ने भएकाले विगतको निर्वाचनका तुलनामा बजेट व्यवस्थापनमा नयाँ र थप दबाब सिर्जना भएको छ ।”

निर्वाचन आयुक्त ईश्वरीप्रसाद पौड्यालले निर्वाचन आर्थिक सञ्चालन कार्यविधि, २०७७ यसै हप्ता आयोगबाट स्वीकृत हुने र सोपश्चात् आयोग, १६५ निर्वाचन क्षेत्र र ७७ वटा जिल्ला निर्वाचन कार्यालयलाई निर्वाचन सञ्चालन एवं व्यवस्थापनसम्बन्धी बजेट विनियोजन गरी सोहीअनुसार खर्चको लेखाङ्कन हुनेछ भन्नुभयो ।

## आम हड्तालको ...

समूहले उक्त नियुक्तिको बिरोधमा बिहीबार देशव्यापी आम हड्तालको घोषण गरेको हो ।

प्रतिनिधि सभा विघटनको विरुद्धमा आन्दोलन गर्दै आएको प्रचण्ड-नेपाल समूहले बिहीबर हड्तालको घोषणा गरेको संघर्ष समितिकी सहसंयोजक पम्फा भुसालले जानकारी दिएका छन् ।

बुधवार केन्द्रीय कार्यालय पेरिसडाँडामा भएको पत्रकार सम्मेलनमा स्थायी कमिटी सदस्य तथा संघर्ष समितिकी सहसंयोजक भुसालले प्रधानमन्त्री केपी शर्मा ओलीको मनपरी र निरकुशता बढ्दै गएकाले त्यसलाई रोक्न हड्ताल गर्नुपरेको बताए ।

यातायात, उद्योग कलकारखाना, शैक्षिक संस्थालगायत सबै क्षेत्र बन्द हुने भुसालले जानकारी दिदै त्रिविका धेरै तहका परीक्षा चलेकाले परीक्षा केन्द्र र परीक्षा दिन जाने विद्यार्थीका साधनलाई भने नरोकिने बताए ।

## बाँसको झ्याङमा ...

सकरदही टोलस्थित एक बासको झ्याङमा परालले छोपिराखिएको अवस्थामा ४१ किलो गाजा सशस्त्र प्रहरीको टोलीले बरामद गरेको हो ।

भारतीय सीमा नजिकै पर्ने सो टोलस्थित बासको झ्याङमा गाजा लुकाई भण्डारण गर्ने र त्यसपछि प्रहरीलाई छल्दै ग्राहकसम्म पुऱ्याउने गरेको गोप्य सूचनाको आधारमा पुगेको सशस्त्र प्रहरीको टोलीले सो परिमाणको गाजा बरामद गरेको सशस्त्र प्रहरी बल नं. ६ हेड क्वाटर राजविराजका प्रहरी उपरिक्षक राजु श्रेष्ठले जानकारी दिएका छन् ।

यता गाजा बरामदपछि सशस्त्र प्रहरीले सम्बन्धीत व्यक्तिहरुको खोजी गरिरहेको जनाएको छ ।

## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जँगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने । पोखरीको डिल र साईडमा भएका झारपात हटाउने । आबश्यकता अनुसार मर्मत सम्भार गर्ने ।

**घर पोतने चुना** :१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने ।

**मलः** गोवर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने । उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ । कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर) ।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिँग ५_६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ । तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी_१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी_२ | स्टोकिङ्ग डेन्सिटी_३ | स्टोकिङ्ग डेन्सिटी_४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**मछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | धाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**
मोबाईल नं. ९८५२८२०९३५

## विश्व समाचार

### पाकिस्तानमा खोप अभियान शुरु, चिनियाँ सिनोफार्मको खोप लगाइने

इस्लामाबाद, २१ माघ (रासस/एएफपी) ।

पाकिस्तानमा कोभिड-१९ विरुद्ध बुधबारदेखि पहिलो चरणको खोप अभियान शुरु हुँदैछ । पहिलो चरणमा स्वास्थ्यकर्मीलाई उक्त खोप दिइने पाकिस्तान सरकारको तयारी छ । यो खोप चीन सरकारले उपलब्ध गराएको हो ।

चीनले सिनोफार्म फर्मास्यूटिकल्सबाट उत्पादित पाँच लाख डोज खोप सहयोग गरेको थियो । यसै महिनाको अन्त्यसम्ममा अरु लाखौँ डोज खोप पाकिस्तान ल्याउने र आम जनतालाई खोप लगाउने पाकिस्तान सरकारको योजना छ ।

सिनोफार्म खोपलाई चिनियाँ स्वास्थ्य अधिकारीले आपतकालीन प्रयोगका लागि अनुमति दिइसकेका छन् ।

करिब २२ करोड जनसङ्ख्या रहेको पाकिस्तानमा पाँच लाख मानिसमा कोरोना सङ्क्रमण देखिएको र तीमध्ये ११ हजारको मृत्यु भएको छ । तर सीमित सङ्ख्यामा मात्र परीक्षण गरिएकाले सङ्क्रमित व्यक्ति र मृत्युको संङ्ख्या बढी हुन सक्ने अनुमान गरिएको छ ।

सिनोफार्मको खोपको प्रभावकारिताका विषयमा केही विज्ञले प्रश्न उठाए पनि पाकिस्तान सरकारले सिनोफार्मको खोपलाई अनुमति दिइसकेको छ ।

अस्ट्राजेनिकाले उत्पादन गरेको खोप पनि करिब एक करोड ७० लाख डोज कोभाक्समार्फत सन् २०२१ को पहिलो छ महिनाभित्र प्राप्त हुने पाकिस्तान सरकारले विश्वास लिएको छ ।

भारतले छिमेकी मुलुकलाई केही खोप अनुदानमा दिइरहे पनि त्यो सूचीमा पाकिस्तान रहेको छैन ।

### भारतमा कोभिड-१९ बाट मृत्यु हुनेको संख्या एक लाख ५४ हजार नाघ्यो

नयाँदिल्ली, २१ माघ (रासस/सिन्ह्वा) ।

भारतमा गत २४ घण्टामा कोरोना सङ्क्रमणको कारण ११० जनाको मृत्यु भएपछि कोरोनाभाइरसबाट मृत्यु हुनेको सङ्ख्या एक लाख ५४ हजार ५९६ जना पुगेको छ ।

यहाँ कोरोना भाइरस सङ्क्रमितको सङ्ख्या मङ्गलबारसम्म एक करोड सात लाख ७७ हजारभन्दा बढी पुगेको छ । विगत २४ घण्टाको अवधिमा भारतमा ११ हजार ३९ नयाँ सङ्क्रमित फेला परेपछि कोरोना सङ्क्रमितको सङ्ख्या एक करोड सात लाख ७७ हजार २८४ पुगेको केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले बुधबार जनाएको छ ।

मन्त्रालयको पछिल्लो विवरणमा भारतमा एक करोड चार लाख ६२ हजारभन्दा बढी व्यक्ति सङ्क्रमणमुक्त भएको देखिएको छ । हाल भारतमा एक लाख ६० हजार ५७ जना सक्रिय सङ्क्रमित रहेका छन् ।

भारतमा गत जनवरी १६ देखि कोभिड-१९ विरुद्धको खोप कार्यक्रम शुरु भएको छ । सो दिनदेखि हालसम्मल ४१ लाखभन्दा बढी व्यक्तिले खोप लगाइसेकेका छन् । कोरोना भाइरसविरुद्ध खोप लगाउनेमा प्रायःस्वास्थ्यकर्मी रहेका जनाइएको छ ।

भारतको राष्ट्रिय राजधानी दिल्लीमा आइतबार ११४ जना थप व्यक्तिमा कोरोना भाइरसका सङ्क्रमण देखिएको र दुई जनाको मृत्यु भएको छ । भारतमा कोभिड-१९ शुरु भएयता भाइरस सङ्क्रमणको कारण दिल्लीमा १० हजार ८५८ को मृत्यु भइसकेको छ ।

यसैबीच, सरकारले देशका विभिन्न भागमा कोभिड-१९ परीक्षणलाई तीव्रता दिने बताएको छ । भारतीय स्वास्थ्य अनुसन्धान परिषद्ले आइतबारसम्म देशभर १९ करोड ८४ लाख ७३ हजारको हाराहारीमा नमूना परीक्षण गरेको छ । मङ्गलबार एकै दिनमा मात्र सात लाख २१ हजारभन्दा बढी व्यक्तिलाई कोभिड-१९ परीक्षण गरेको जनाइएको छ ।

### विश्व स्वास्थ्य संगठनका विज्ञको टिम वुहानमा

वुहान, २१ माघ (रासस/एएफपी) ।

कोरोना भाइरसको बारेमा अध्ययनका लागि विश्व स्वास्थ्य सङ्गठन (डब्ल्यूएचओ)ले तयार पारेको टिम चीनको वुहान शहर पुगेको छ । उनीहरूलाई चीन प्रवेश गर्न चीन सरकारले यसअघि रोक लगाएको थियो ।

चीनको वुहान सहरलाई कोरोना भाइरस कोभिड-१९ को उद्गमस्थल मानिएको छ । सो स्थानको अनुसन्धान गर्न विश्व स्वास्थ्य सङ्गठनका विज्ञको समूह बुधबार त्यहाँ पुगेको हो ।

चीनको वुहानमा पुगेको सो समूहले बुधबार त्यहाँ रहेको कोरोना भाइरससम्बन्धी प्रयोगशालाको निरीक्षण पनि गरेको छ ।

लामो समयको छलफलपछि चीनले डब्ल्यूएचओलाई कोरोनाको उद्गमस्थल मानिएको वुहानमा अनुसन्धान तथा अध्ययनका लागि अनुमति दिएको थियो । वुहानमा अध्ययनका लागि डब्ल्यूएचओले १० सदस्यीय अन्तरराष्ट्रिय विज्ञलाई चीन पठाउने निर्णय सो सङ्गठनले हालैमात्र गरेको थियो ।

गएको महिना जनवरी २०२१ देखि अध्ययन शुरु हुने घोषणा गरिएको थियो । चीनले विश्व स्वास्थ्य सङ्गठनका प्रतिनिधिलाई वुहान जाने अनुमति नदिएपछि हालैमात्र उनीहरू त्यहाँ पुगेका छन् ।

सन् २०१९ को अन्त्यमा पहिलो पटक वुहानमा देखिएको कोरोना भाइरसको सङ्क्रमण यतिखेरसम्म विश्वभर नै फैलिएको छ । अझ पछिल्ला दिनमा त यसको नयाँ प्रजातिको पनि सङ्क्रमण शुरु भएको बताइएको छ ।

कोरोना भाइरसको महामारी अझै पनि घट्ने अवस्था देखिएको छैन । विश्वमा दश करोडभन्दा बढी नागरिक सङ्क्रमित भइसकेका छन् । त्यसैगरी यसबाट करिब २२ लाख मानिसको ज्यान गएको छ ।

विश्वमा खोपको विकास भएको छ र कैयौँ देशमा खोप दिने क्रम पनि शुरु भएको छ । तर पनि यति बेलासम्म पनि कोरोना भाइरसको समस्या घटेको देखिएको छैन ।

विश्व स्वास्थ्य सङ्गठनका विज्ञको समूह चीनको वुहानमा रहेको इन्स्टिच्युट अफ भाइरोलोजीमा पुगेर कोरोना भाइरसको उत्पत्ति र यसको विस्तार हुनुका कारणहरूको बारेमा खोजी रहेको बताइएको छ ।

# कोइलाडीले दोश्रो पटक गजेन्द्रनारायण सिंह स्मृति टी २० को उपाधी हात पा-यो




**दैनिक समाचारदाता**
**राजविराज, २१ माघ ।**

सप्तरीको तिलाठी कोइलाडी गाउँपालिकाद्वारा संचालित गजेन्द्र नारायण सिंह स्मृति टी २० क्रिकेट प्रतियोगिताको उपाधी वडा नं. ४ कोइलाडीले दोश्रो पटक हात पारेको छ ।

गत वर्षको विजेता समेत रहेको कोइलाडीले वडा नं. ३ सकरपुरालाई २१ रनले पराजित गर्दै लगातार दोस्रो बर्ष सो उपाधी हात पार्न सफल भएको हो ।

प्रतियोगिताको तेस्रो संस्करणको बुधबार सम्पन्न फाइनल खेलमा टस जितेर पहिलो ब्याटिङ गरेको कोइलाडीले निर्धारित २० ओभरको खेलमा ५ विकेट गुमाई १ सय २५ रन बनाएको थियो । जसमा कप्तान मो. गुड्डुले २९, परमेश्वर मण्डलले २८, रोबिन सिंहले १५, रोहित सिंहले १४ तथा रोशन मण्डलले अविजित ११ रनको योगदान गरेका थिए । सकरपुराको लाागि साकेत सिंहले ४ ओभरमा १९ रन दिई ३ विकेट लिए भने प्रदिप मण्डल र सुरज मण्डलले १/१ विकेट लिएका थिए ।

१ सय २६ रनको लक्ष्य पाएको सकरपुरा २० ओभरमा ५ विकेट गुमाई १ सय ४ रनमै सिमित भएको थियो । सकरपुराका लागि साकेत सिंहले अविजित ३५ रन बनाए भने, अमित मण्डलले २८ र सुरज मण्डलले २३ रनको योगदान दिएका थिए । कोइलाडीका लागि रोशन मण्डलले २ तथा जुगनु मण्डल र रोहित सिंहले १/१ विकेट लिएका थिए । उक्त खेलमा कोइलाडीका रोशन मण्डललाई म्यान अफ द म्याच प्रदान गरियो ।

माघ १० गतेदेखी सुरु भएको उक्त प्रतियोगितामा वडा नं. ५ को. बर्साइनका दिपेश सरदार म्यान अफ द सिरिज, सकरपुराका अमित मण्डल वेस्ट ब्याटस्म्यान, कोइलाडीका जुगनु मण्डल वेस्ट बलर तथा को. बर्साइनका राजेश रजकलाई इमर्जिङ प्लेयरको ट्रफी तथा प्रमाणपत्र प्रदान गरिएको गाउँपालिकाका कार्यक्रम अधिकृत तथा प्रतियोगिता संयोजक राजेशकुमार झाले जानकारी दिए ।

प्रतियोगिता समापनको अवसरमा गाउँपालिकाका अध्यक्ष सतिश कुमार सिंह, उपाध्यक्ष सुचिता कुमारी यादव, वडा अध्यक्षहरु मनोज चौधरी, गोपी मण्डल, राजेन्द्र साह र गुलाब सिंह, कार्यपालिका सदस्यद्वय दामोदर मुखिया र रिता साह, सप्तरी क्रिकेट संघका उपाध्यक्ष धर्मेन्द्र चौधरी, पूर्व खेलाडी राजकुमार दाससहितकाले विजेता, उप विजेता लगायतको ट्रफी तथा प्रमाणपत्र प्रदान गरेका थिए ।

# आगलागिमा दुई लाख बराबरको क्षति

**दैनिक समाचारदाता**
**राजविराज, २१ माघ ।**

विद्यतुको तार सर्ट भई सप्तरीको डाक्नेश्वरी नगरपालिकामा मंगलबार राती आगलागि हुँदा दुई लाख बराबरको क्षति भएको छ ।

सो नगरपालिका २ बस्ने मो. रहमुलको ईट्टाको पर्खाल र एलबेष्टरले छाएको २ कोठे घरमा विद्युत मिटरको तार सर्ट भई आगलागी हुँदा उक्त मुल्य बराबरको क्षति भएको प्रहरीले जनाएको छ ।

आगलागीबाट घरसहित घरमा जडान गरिएको विद्युत मिटर बक्स, ग्याँस सिलिण्डर, ग्याँस चुलो, राईसकुकर, भबलेट, चामललगायत जलेर नष्ट भएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

स्थानियबासीको सहयोगमा उक्त आगोलाई पुर्ण रूपमा नियन्त्रणमा लिइएको थियो ।

# बोलेरोको ठक्करबाट मोटरसाइकल चालकको मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, २१ माघ ।**

सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका १ स्थित भारदह सडक खण्डमा बुधबार बिहान बोलेरोको ठक्करबाट एक मोटरसाइकल चालकको मृत्यु भएको छ ।

पूर्वबाट पश्चिमतर्फ जाँदै गरेको लु.२५.प ५७१२ नम्बरको मोटरसाइकललाई विपरीत दिशाबाट आउँदै गरेको को.१ज. ३१९९ नम्बरको बोलेरो गाडीले ठक्कर दिँदा मोटरसाइकल चालक मोरङको रंगेली नगरपालिका ८ बस्ने ३७ वर्षिय भिम राजवंशीको घटनास्थलमै मृत्यु भएको प्रहरीले जनाएको छ ।

यता जिल्ला प्रहरी कार्यालय सप्तरीका डिएसपी भुवनेश्वर साहले ठक्कर दिने गाडी र चालक धनकुट्टाको पाखरीवास नगरपालिका ४ बस्ने ३९ वर्षिय तोर्न निरौलालाई प्रहरीले नियन्त्रणमा लिएको बताए ।

मृतकको शव पोष्टमार्टमका लागि राजविराजस्थित गजेन्द्र नारायण सिंह अस्पतालमा राखिएको तथा घटनाबारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।






# चोरी पैठारी गरि नेपाल ल्याउँदै गरेका ५० भेडा बरामद



**दैनिक समाचारदाता**
**राजविराज, २१ माघ ।**

भन्सार छलेर चोरी पैठारी गरि भारतबाट नेपालतर्फ भित्राइएके गरिएको ५० वटा भेडा सशस्त्र प्रहरीले नियन्त्रणमा लिएको छ ।

सप्तरीको डाक्नेश्वरी नगरपालिका ६ गम्हरिया प्रवाहा हुँदै मंगलबार राती भारतबाट भित्राइएको करिब ७ लाख मुल्य बराबरको ५० वटा भेडा सशस्त्र प्रहरी बलको टोलीले आफनो नियन्त्रणमा लिएको हो ।

रातीको समयमा भारतबाट अवैध रुपमा भेडा ल्याउँदै गरेको गोप्य सूचनाको आधारमा सशस्त्र प्रहरी वेश क्याम्प गम्हरियाको टोलीले नियन्त्रणमा लिएको सशस्त्र प्रहरी बल नं. ६ हेड क्वाटर राजविराजका प्रहरी उपरिक्षक राजु श्रेष्ठले जानकारी दिएका छन् ।

अपरिचित व्यक्तिहरुले अवैध रुपमा भित्राइरहेका भेडा प्रहरी टोली आएको देखेर फरार भएको प्रहरी उपरिक्षक श्रेष्ठले बताउँदै बरामद भेडा बेल्हीस्थित राजविराज भन्सार कार्यालयलाई बुझाइएको जनाएका छन् ।


देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६

ipay remit, City Express Money Transfer, Best Remit Quick & Easy, Prabhu Money Transfer – प्रभुको इच्छा – रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम, IME International Money Express, himal remit हिमालरेमिट, CG Money


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*